# जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र

खण्ड:८ संख्याः ४ प्रमाणिकरण मितिः २०८२/०५/२०

भाग २

**जीतपुरसिमरा उपमहानगरपालिका**

## जीतपुरसिमरा उपमहानगरपालिकाको लोगो प्रयोग सम्वन्धी निर्देशिका, २०८२

**प्रस्तावना,**

जीतपुरसिमरा उपमहानरपालिकाको लोगो प्रयोगलाई व्यवस्थित र मर्यादित बनाउन लोगो प्रयोगका लागी निर्देशिका आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२), जीतपुरसिमरा उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७८ को दफा ४ तथा केही कानून तर्जुमा र व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ५ को उपदफा (१) बमोजिम जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाद्वारा यो निर्देशिका जारी गरिएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "जीतपुरसिमरा उपमहानगरपालिकाको लोगो प्रयोग सम्वन्धी निर्देशिका, २०८२" रहेको छ ।

(२) यो निर्देशिका कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ ।

(३) यो निर्देशिका जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्र भित्र मात्र लागू हुनेछ ।

२. **परिभाषा**:विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "**लोगो**" भन्नाले दफा ३ बमोजिमको लोगो सम्झनु पर्दछ ।

(ख) "**नगरपालिका**" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ग) "**नगरसभा**" भन्नाले जीपतुरसिमरा उपमहानगरपालिकाको नगरसभा सम्झनु पर्दछ ।

(घ) "**कार्यपालिका**" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको कार्यापालिका सम्झनु पर्दछ ।

(ङ) "**प्रचलित कानून**" भन्नाले संघीय सरकार, मधेश प्रदेश सरकार र जीतपुरसिमरा उपमहानगरपालिकाबाट जारी भएको कानूनहरु सम्झनु पर्दछ ।

## परिच्छेद-२
## लोगो सम्वन्धी व्यवस्था

३. **लोगो :** (१) नगरपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक, पर्यटकीय विशेषता क्षल्कने गरी निर्माण भई नगरसभाबाट स्वीकृत भएको ठाडो आकारको लोगो रहेको छ ।

(२) उपदफा (१) बमोजिमको लोगो अनुसूची-१ मा उल्लेख भएबमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको लोगोको व्याख्या अनुसूची-२ मा उल्लेख भएबमोजिम हुनेछ ।

४. **लोगोको प्रयोग :** (१) स्थानीय लोगोको देहायका सरकारी तथा गैरसरकारी निकाय वा संघ संस्थाले प्रयोग गर्नुपर्देछ :-

(क) नगरपालिकाको कार्यालय

(ख) नगरपालिकाको सम्पूर्ण वडा कार्यालयहरु

(ग) नगरपालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरु

(घ) नगरपालिका क्षेत्र भित्रका सम्पूर्ण विद्यालयहरु

(ङ) जीतपुरसिमरा उपमहानगरपालिकाले तोकेको संघसंस्थाहरु

(२) उपदफा (१) बमोजिम बाहेकका संघ, संस्था वा व्यक्तिले लोगोको प्रयोग गर्न पाईने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख गरेको भएतापनि कार्यालयको स्वीकृतीमा लोगो प्रयोग गर्न सकिनेछ ।

५. **लोगो प्रयोगको विधि तथा मापदण्ड :** (१) नगरसभा, नगर कार्यपालिका वा विषयगत समितिको बैठकमा प्रयोग हुने व्यानर स्वागतद्वार आदिमा लोगोको प्रयोग गर्नुपर्नेछ ।

(२) नगरपालिका वा अन्तर्गतका कार्यालय, संघ संस्थाले लोगोको प्रयोग देहाय बमोजिम गर्नुपर्नेछः

(क) कार्यालयको लेटरप्याडको दाँयापट्टीको माथिल्लो कुनामा,

(ख) कार्यालय वा अन्तर्गतका कार्यालय, संघ संस्था वा समितिको कार्यालयको साईन बोर्डहरुमा दाँया तर्फको माथिल्लो भागमा,

(ग) कार्यालय वा अन्तर्गतका कार्यालयको आयोजनामा हुने औपचारिक कार्यक्रम वा सामाजिक, सांस्कृतिक कार्यक्रमको वोर्ड, स्वागतद्वार व्यानरमा,

(घ) कार्यालयको दैनिक प्रशासनिक कार्यसम्पादनमा प्रयोग हुने लेटर प्याडमा,

(ङ) कार्यपालिकाको कार्यालय, वडाहरु, स्वास्थ्य संस्थाहरु, विभिन्न इकाईहरु आदिको साइन वोर्डमा

(च) विभिन्न सन्देशमूलक, सूचनामूलक, जानकारीमूलक, होर्डिङ्वोर्ड, व्यानरमा,

(छ) कार्यालय वा कार्यालय मातहतका निकायहरुले आयोजना गर्ने औपचारिक कार्यक्रममा प्रयोग गरिने विभिन्न खालका छपाई सामाग्रीहरु (पुस्तक/स्मारिका/ब्रोसर आदि) प्रकाशन गर्दा,

(ज) भद्धा तरिकाले प्रयोग गर्न पाइने छैन, एउटा पेजमा एउटा मात्र लोगो प्रयोग गर्नुपर्नेछ ।

(झ) राष्ट्रिय लोगो बायाँ तर्फ माथिल्लो भागमा र नगरपालिकाको लोगो दायाँतर्फ माथिल्लो भागमा राख्नुपर्नेछ ।

(ञ) राष्ट्रिय लोगो भन्दा नगरपालिकाको लोगो ठूलो नबनाउने ।

(३) उपदफा (१) वा (२) मा भएको व्यवस्था वाहेक नगरपालिका क्षेत्र भित्रका अन्य संघसंस्थाहरुले कार्यालयको स्वीकृती लिएर प्रयोग गर्नसक्नेछ ।

## परिच्छेद-३
## विविध

६. **लोगो प्रयोगमा निषेध :** यस निर्देशिकाको दफा ४ बमोजिम बाहेक नगरपालिका लोगो प्रयोग गर्न निषेध गरिएको छ ।

(२) उपदफा (१) को प्रतिकुल हुनेगरी  नगरपालिका लोगो प्रयोग गरेमा दण्डनीय हुनेछ ।

७.**अनुगमन :** पालिका लोगो प्रयोग नियमित भए नभएको सन्दर्भमा कार्यालयबाट अनुगमन गर्नुपर्नेछ ।

जीतपुरसिमरा उपमहानगरपालिका

अनुसूची -१
{दफा (३) को उपदफा (२) सँग सम्वन्धित}

**<u>लोगो</u>**

जीतपुरसिमरा उपमहानगरपालिका

## अनुसूची-२
## {दफा (३) को उपदफा (३) सँग सम्बन्धित}

### शहर बुझ्ने प्रयास

जीतपुरसिमरा मुख्य रूपमा यसको औद्योगिक महत्त्वका लागि परिचित छ । यहाँ थुप्रै उद्योग र कारखानाहरू छन्, साथै कृषिको उत्पादन क्षमताले पनि यो क्षेत्र समृद्ध छ । देशकै एक गतिशील र सहज यातायात केन्द्रको रूपमा जीतपुरसिमराले आफ्नो पहिचान बनाएको छ । अंग्रेजीमा J र S अक्षरले सारभूत रूपमा बनेको प्रतीक चिन्हले यहाको सरलता देखाउछ ।रातो र नीलो रंग, नेपाली राष्ट्रिय झण्डाको रंग ले, जितपुर सीमरा यो देशको अभिन्न अंग हो भनी आफूलाई प्रस्तुत गर्दछ ।



### उद्योग र चुरे पहाडः

शहरको लोगोमा देखिएको चुरे डाँडा जीतपुरसिमराको प्राकृतिक सुन्दरता र पारिस्थितिकीय आधारलाई झल्काउँछ । यस क्षेत्रका धेरै उद्योगहरूले आर्थिक विकास, आम्दानी र नवीनताको मार्गमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् ।

### वन्यजन्तु अवलोकनः

पर्सा राष्ट्रिय निकुञ्ज यहाँको प्रमुख पर्यटकीय स्थल हो । यसले आगन्तुकहरूलाई प्रकृति र वन्यजन्तुको सुन्दरता नजिकबाट अवलोकन गर्ने अवसर प्रदान गर्दछ। यसको चित्रण चिन्हको दाहिने माथिल्लो भागमा रहेको





### कृषिः

जीतपुरसिमराको कृषि क्षेत्रले नगर विकास र राष्ट्र निर्माणमा ठुलो योगदान पुऱ्याएको छ। कृषि सधैं आर्थिक वृद्धिको आधार रहँदै आएको छ । प्रतीक चिन्हमा सुनौलो धानको बालाले जीतपुरसिमराको सामाजिक समृद्धिमा कृषिको भूमिकालाई चित्रण गर्दछ ।

### सांस्कृतिक सम्पदाः



जीतपुरसिमराका अनेक सांस्कृतिक केन्द्रहरूमध्ये "कर्म कुमारी धारा" संस्कृतिको र ऐतिहासिक रूपले एक महत्त्वपूर्ण केन्द्र हो ।यस धाराको स्थापनाले यस क्षेत्रको जातीय विभेदको पनि अन्त्य गर्न ठुलो भूमिका खेलेको मानिन्छ। यो जल व्यवस्थापनको मौलिक विधि हो। यो वीरधारा कार्यक्रमको प्रमुख र नेपालको पहिलो अनुप्रयोग हो । प्रतीक चिन्हको केन्द्रीय भागमा कर्म कुमारी धारा चित्रण गरिएको छ ।

### यातायातका साधनः

सडक रेल र हवाई यातायातको महत्त्वपूर्ण विरासत बोकेको ,हुँदा, प्रतीक चिन्हको S अक्षरमा सडक, रेल र हवाई मार्ग को चित्रण ।

**सडकमार्गः**
जीतपुरसिमरा नेपालकै पहिलो राजमार्ग, त्रिभुवन राजमार्ग र पूर्व-पश्चिम राजमार्गको संगम बिन्दु को रुपमा अवस्थित रहेको

**रेलमार्गः**
नेपालकै प्रथम रेलमार्ग रक्सौल-अमलेखगंज रेलमार्ग नै रहेकोले जीतपुरसिमरा रेलमार्गको ऐतिहासिक सम्पदा रहेको

**हवाईमार्गः**
नेपालकै प्रथम विमानस्थल सिमरा विमानस्थल पनि यहि अवस्थित रहेको



आज्ञाले,
शान्तीराज प्रसाई
प्रमुख प्रशासकीय अधिकृत

जीतपुरसिमरा उपमहानगरपालिका